# नेपाली सेना
## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा
# प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा विल्लादार पदहरुको लागि दरखास्त आव्हान

(पहिलो पटक प्रकाशित मिति: २०८१/०८/२८ गते)

१. नेपाली सेनामा रिक्त रहेका प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका पदिक तथा विल्लादार पदहरू खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपुर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ। देहायका योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी उम्मेदवार स्वयम्ले सो को हार्डकपी प्रिन्ट-आउट गरी भर्ना केन्द्रमा बुझाउने वा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भर्ने र दरखास्त फाराममा रू. १०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ।

२. आवश्यक संख्या :

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०८१/८२/३४ | प्रा.सु. (सै.उ.) नर्सिङ्ग | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | २ | १६ | २ | ५ | ४ | २ | १ | ३२ |
| २ | ०८१/८२/३५ | ओ.प्रा.सु. (सिभिल) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सिभिल तथा आर्किटेक्चर | ० | १ | १ | ० | ० | १ | ० | ३ |
| ३ | ०८१/८२/३६ | प्राड जम. | सैनिक प्राड | - | - | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ४ | ०८१/८२/३७ | प्रा.जम. भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | ० | २ | ० | १ | १ | ० | ० | ४ |
| ५ | ०८१/८२/३८ | प्रा.जम. जनरल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ६ | ०८१/८२/३९ | प्रा.जम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सूचना-प्रविधि | ० | १ | ० | १ | ० | ० | ० | २ |
| ७ | ०८१/८२/४० | प्रा.जम. ग्राउण्ड ह्याण्डिलिङ्ग | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डिलिङ्ग | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ८ | ०८१/८२/४१ | प्रा.जम. एभिएसन स्टोर | सैनिक हवाई | अन्य हवाई | एभिएसन बन्दोवस्ती तथा प्राप्ती | ० | ० | ० | १ | ० | ० | ० | १ |
| ९ | ०८१/८२/४२ | प्रा.जम. डिस्प्याचर | सैनिक हवाई | अन्य हवाई | डिस्प्याचर | ० | ० | १ | ० | ० | ० | ० | १ |
| १० | ०८१/८२/४३ | लेखा जम. | सैनिक विविध | लेखा | - | ० | ५ | ० | २ | १ | ० | ० | ८ |
| ११ | ०८१/८२/४४ | पण्डित हु. | सैनिक विविध | पण्डित | - | १ | ३ | ० | ० | १ | ० | ० | ५ |
| १२ | ०८१/८२/४५ | प्रा.अम. मेडिकल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | १ | ११ | २ | ३ | २ | २ | ० | २१ |
| १३ | ०८१/८२/४६ | प्रा.अम. डेण्टल | सैनिक प्राविधिक | सैनिक स्वास्थ्य | डेण्टल | ० | ३ | १ | १ | २ | ० | ० | ७ |
| १४ | ०८१/८२/४७ | प्रा.अम. जनरल मेकानिकल | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | उत्पादन | १ | १६ | ३ | ४ | ४ | २ | १ | ३१ |
| १५ | ०८१/८२/४८ | प्रा.अम. भेहिकल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | १ | ४ | ० | ० | १ | ० | १ | ७ |
| १६ | ०८१/८२/४९ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | ० | ५ | ० | ० | १ | १ | १ | ८ |
| १७ | ०८१/८२/५० | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | ० | १ | १ | ० | १ | ० | ० | ३ |
| १८ | ०८१/८२/५१ | प्रा.अम. जनरल मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | १ | १० | २ | ३ | २ | २ | ० | २० |
| १९ | ०८१/८२/५२ | प्रा.अम. रेडियो मेकानिक्स | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | मर्मत तथा संभार | १ | १९ | ३ | ५ | ४ | २ | १ | ३५ |
| २० | ०८१/८२/५३ | प्रा.अम. कम्प्युटर | सैनिक प्राविधिक | सैनिक ईन्जिनियरिङ्ग | सूचना-प्रविधि | १ | २ | ० | १ | १ | १ | ० | ६ |
| २१ | ०८१/८२/५४ | प्रा.अम. भेटेरीनरी | सैनिक प्राविधिक | पशु विकास तथा पशु स्वास्थ्य | - | ० | १ | १ | ० | ० | ० | ० | २ |
| २२ | ०८१/८२/५५ | प्रा.अम. दृष्य सामग्री, तस्विर र संग्रह (भिडियो सम्पादन) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोवैज्ञानिक | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २३ | ०८१/८२/५६ | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एंव विद्युतीय समाचार (प्रचारप्रसार तर्फ) | सैनिक प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोवैज्ञानिक | ० | ० | १ | ० | ० | ० | ० | १ |
| २४ | ०८१/८२/५७ | प्रा.अम. व्याण्ड | सैनिक प्राविधिक | अन्य प्राविधिक | सैनिक व्याण्ड | १ | ३ | १ | १ | ० | ० | ० | ६ |
| २५ | ०८१/८२/५८ | प्रा.अम. प्याराचुट फोल्डिङ्ग तथा मेन्टिनेन्स शाखा (महिला फोल्डर) | सैनिक प्राविधिक | अन्य प्राविधिक | प्याराचुट फोल्डर तथा मर्मत | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २६ | ०८१/८२/५९ | प्रा.अम. (ए.एण्ड सी.) मेकानिकल | सैनिक हवाई | हवाई संभार | - | १ | २ | ० | ० | ० | १ | ० | ४ |
| २७ | ०८१/८२/६० | प्रा.अम. (एभियोनिक्स) ईलेक्ट्रिक/ईलेक्ट्रोनिक/ एभियोनिक्स | सैनिक हवाई | हवाई संभार | - | ० | २ | १ | १ | ० | ० | ० | ४ |
| २८ | ०८१/८२/६१ | प्रा.अम. ग्राउण्ड ह्याण्डिलिङ्ग | सैनिक हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डिलिङ्ग | ० | १ | ० | ० | ० | ० | ० | १ |
| २९ | ०८१/८२/६२ | प्रा.अम. एभिएसन स्टोर | सैनिक हवाई | अन्य हवाई | एभिएसन बन्दोवस्ती तथा प्राप्ती | ० | १ | ० | ० | ० | ० | ० | १ |
| ३० | ०८१/८२/६३ | अमल्दार कर्मचारी | सैनिक विविध | कर्मचारी | - | ४ | ४३ | ७ | १२ | १० | ६ | १ | ८३ |
| जम्मा | | | | | | १५ | १५७ | २७ | ४१ | ३५ | २० | ६ | ३०१ |

३. दरखास्त पेश गर्ने मिति र स्थान :

(क) **दरखास्त मिति :** मिति २०८१/०८/२८ गतेदेखि मिति २०८१/०९/२७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१/०९/२८ गतेदेखि मिति २०८१/१०/०५ गतेसम्म थप दिन ७ (सात) हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा सो भन्दा पछाडी कार्यालय खुल्ने दिनमा दरखास्त पेश गर्न सकिनेछ।

(ग) **स्थान :** नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

४. **दरखास्त दस्तुर :** दरखास्त फाराम बुझाउँदा उम्मेदवारहरुले श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४) मा निम्न पद अनुसार दस्तुर जम्मा गर्नु भई सो को सक्कलै भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ।

(क) प्रा.सु. - रु.४००।- (ख) प्रा.जम. र लेखा जम. - रु.३००।- (ग) पण्डित हुद्धा, सबै ट्रेडका प्रा.अम. र अमल्दार कर्मचारी - रु.२००।-

५. **आवश्यक योग्यता :**

(क) **शैक्षिक योग्यता :**

| क्र.सं. | बिज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०८१/८२/३४ | प्रा.सु. (सै.उ.) नर्सिङ्ग | नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको। | |
| २ | ०८१/८२/३५ | ओ.प्रा.सु. (सिभिल) | सिभिल इन्जिनियरिङ्गमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | |
| ३ | ०८१/८२/३६ | प्राड जम. | दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको। | |
| ४ | ०८१/८२/३७ | प्रा.जम. भेहिकल मेकानिक्स | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित ट्रेडमा तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेको। | |
| ५ | ०८१/८२/३८ | प्रा.जम. जनरल मेकानिक्स | एस.एल.सी. वा सो सरह वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको र जनरल मेकानिक्स वा मेकानिकल ट्रेडमा मान्यता प्राप्त शिक्षण संस्थाबाट तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेको। | |
| ६ | ०८१/८२/३९ | प्रा.जम. कम्प्युटर | कम्प्युटर, ईलेक्ट्रोनिक, ईलेक्ट्रिकल वा आई.टि.मध्ये कुनै एक विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा प्रवीणता प्रमाणपत्र तहमा कम्प्युटर विषय लिई कम्प्युटर हार्डवेयर वा सफ्टवेयर डिप्लोमा सम्बन्धी कम्तीमा छ महिनाको तालिम उत्तीर्ण गरेको। | |
| ७ | ०८१/८२/४० | प्रा.जम. ग्राउण्ड ह्याण्डिलिङ्ग | (क) अटोमोवाईल वा ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा इन्टरमिडियट अफ ईन्जिनियरिङ्ग (आई.ई.) वा सो सरह उत्तीर्ण गरेको। (ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| ८ | ०८१/८२/४१ | प्रा.जम. एभिएसन स्टोर | (क) व्यवस्थापन विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको। (ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| ९ | ०८१/८२/४२ | प्रा.जम. डिस्प्याचर | (क) दश जोड दुई वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाईट अप्रेशन ट्रेनिङ) हासिल गरेको। (ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| १० | ०८१/८२/४३ | लेखा जम. | लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउण्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको। | |
| ११ | ०८१/८२/४४ | पण्डित हु. | पुर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पुर्णाङ्कको संस्कृत बिषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। | |
| १२ | ०८१/८२/४५ | प्रा.अम. मेडिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सि.एम.ए. तालिम वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरेको वा मेडिकल सम्बन्धी सो सरह मान्यता प्राप्त गरेको र नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता भएको। | |
| १३ | ०८१/८२/४६ | प्रा.अम. डेण्टल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तिमा दुई वर्ष डेन्टल हाइजेनिष्ट वा सो सरह डेन्टल सम्बन्धी मान्यता प्राप्त तालिम उत्तीर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको। | |
| १४ | ०८१/८२/४७ | प्रा.अम. जनरल मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाली सेनाले तोकेको तालिम वा विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| १५ | ०८१/८२/४८ | प्रा.अम. भेहिकल मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी अटोमोवाइल (भेहिकल) ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | |
| १६ | ०८१/८२/४९ | प्रा.अम. जनरल मेकानिक्स (ए.सि. एण्ड रेफ्रिजेरेशन मेकानिक्स) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | |
| १७ | ०८१/८२/५० | प्रा.अम. जनरल मेकानिक्स (जेनेरेटर) | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | |
| १८ | ०८१/८२/५१ | प्रा.अम. जनरल मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी जनरल मेकानिक्स वा मेकानिकल ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | |
| १९ | ०८१/८२/५२ | प्रा.अम. रेडियो मेकानिक्स | एस.एल.सी. वा टेक्निकल एस.एल.सी. उत्तीर्ण गरी इलेक्ट्रोनिक्स ट्रेड सम्बन्धी एक वर्षे तालिम उत्तीर्ण गरेको। | |
| २० | ०८१/८२/५३ | प्रा.अम. कम्प्युटर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरी डेस्कटप पब्लिसिङ्ग वा ग्राफिक्स डिजाइनिङ्ग वा हार्डवेयर मेन्टिनेन्स वा नेटवर्किङ्ग वा डाटाबेस सम्बन्धी कुनै एक विषयमा कम्तीमा तीन महिनाको विशेष तालिम उत्तीर्ण गरेको। | |
| २१ | ०८१/८२/५४ | प्रा.अम. भेटेरीनरी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी भेटेरीनरी जे.टि.ए. तालिम (पन्ध्रदेखि अठार महिना) उत्तीर्ण गरेको। | |
| २२ | ०८१/८२/५५ | प्रा.अम. दृष्य सामग्री, तस्विर र संग्रह (भिडियो सम्पादन) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको र नन लिनियर भिडियो ईडिटिङ्ग र ग्राफिक्स डिजाइनिङ्ग सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको। | |
| २३ | ०८१/८२/५६ | प्रा.अम. श्रव्य सामग्री, पत्रपत्रिका एंव विद्युतीय समाचार (प्रचारप्रसार तर्फ) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी आधारभुत पत्रकारिता तालिम र ग्राफिक्स डिजाइन सम्बन्धी आधारभुत तालिम उत्तीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर सफ्टवेयर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम उत्तीर्ण गरेको। | |
| २४ | ०८१/८२/५७ | प्रा.अम. व्याण्ड | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी अर्केष्ट्रा समुह (गिटार, कि बोर्ड, भायोलिन, चेलो, ट्रम्पेट, स्याक्सो फोन, पाइपर, गायन) मध्ये कुनै एक वाद्यवादन वा गायन सम्बन्धी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको वेशिक तालिम उत्तीर्ण गरेको। | |
| २५ | ०८१/८२/५८ | प्रा.अम. प्याराचुट फोल्डिङ्ग तथा मेन्टिनेन्स शाखा (महिला फोल्डर) | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| २६ | ०८१/८२/५९ | प्रा.अम. (ए.एण्ड सी.) मेकानिकल | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| २७ | ०८१/८२/६० | प्रा.अम. (एभियोनिक्स) ईलेक्ट्रिक/ईलेक्ट्रोनिक / एभियोनिक्स | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको। | |
| २८ | ०८१/८२/६१ | प्रा.अम. ग्राउण्ड ह्याण्डिलिङ्ग | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको र मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| २९ | ०८१/८२/६२ | प्रा.अम. एभिएसन स्टोर | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी ६ महिनाको स्टोर किपिङ तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको र मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |
| ३० | ०८१/८२/६३ | अमल्दार कर्मचारी | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको। | |

(ख) **शारीरिक योग्यता :**

| क्र.सं. | पद | विवरण | पुरुष | महिला | कै. |
|---|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | उचाई | न्युनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| | | छाती | नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च | - | |
| | | वजन | न्युनतम ५० के.जी. (११० पौण्ड) | न्युनतम ४० के.जी. (८८ पौण्ड) | |
| | | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका बहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने। | | |
| | | BMI | न्युनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने। | | |

(ग) **अन्य योग्यता :**

उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ। अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९ (संशोधन सहित)", "सैनिक प्राड सेवा नियमावली, २०७४", "सैनिक प्राविधिक सेवा नियमावली, २०७६", "सैनिक हवाई सेवा नियमावली, २०७४", "सैनिक विविध सेवा नियमावली, २०७४" र "भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ।

६. **उमेरको हद :** उम्मेदवारहरुको दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०९/२७ गतेसम्म १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको (जन्म मिति २०५६/०९/२७ गते देखि मिति २०६३/०९/२७ गतेसम्म)।

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार :**

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार हुनेछ र बढीमा ३ पटक आवेदन दिन सक्नेछ। सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस हुनु पर्नेछ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०९/२७ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनु पर्नेछ।

८. **पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू :** देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ। केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन। दरखास्त दिन आउँदा पेश गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र।

(ग) नेपालका विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरूको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(घ) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागू हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-2/CGPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र कुनै पनि बिषयमा D+ भन्दा कम हुन नहुने। लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा SEE को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने। कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने।

(ङ) विज्ञापनमा उल्लेखित शैक्षिक योग्यता नभई सोही विषयको माथिल्लो शैक्षिक योग्यता रहेछ भने सो योग्यतालाई नै न्यूनतम् शैक्षिक योग्यता पुगेको मानिनेछ।

(च) सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नु पर्नेछ :

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक)।

(२) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक)।

(३) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक)।

९. **फोटोग्राफ :** उम्मेदवारहरूले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ४ (चार) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ।

१०. **सम्पर्क मिति र स्थान :** मिति २०८१/१०/१३ गतेको ११०० बजे, नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परीक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिने छ।

११. **छनौट प्रक्रिया :** उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग परीक्षा, बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुनेछ), प्रयोगात्मक परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ। कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन्। भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग तथा शारीरिक परीक्षाको मापदण्ड श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **ARMY SYLLABUS** मा हेर्न सकिनेछ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू :** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार।

१३. **अन्य शर्तहरु :**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

(ख) समावेशी तर्फका उम्मेदवारहरूको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन्। तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन। साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरूले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन्।

(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेक Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ।

(घ) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेश गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ।

(१) अनलाईन दरखास्त फाराम भर्ने उम्मेदवारहरुले दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ।

(२) उम्मेदवार स्वयम् उपस्थित भई दरखास्त भर्नेको हकमा दरखास्त फारामको बुंदा नं.३ (न) "अन्य कुनै विवरण भएमा" मा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ।

(बाँकी पृष्ठ ९ मा)